**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

**मितिः २५ अप्रेल २०२४**

**समयः १८ः५० – १६ः०० बजे**

**प्रमुख समाचार**

१. दोस्रो चरणको लोकसभा चुनावको सबै तैयारी पूरा । यस चरणमा देशका १३ राज्य अनि केन्द्रशासित प्रदेशका ८८ सीटका लागि भोली मतदान गराईनेछ।

२. पश्चिम बंगालमा ३ लोकसभा आसन दार्जीलिङ रायगंज र बालुरधाटका प्रायः मतदान केन्द्रहरूमा पोलिंग पार्टी अर्धसैनिक बलका जवानहरूसहित पुगीसकेका छन्।

३. दार्जीलिङ लोकसभामा भोली बिहान ७ बजेदेखि बेलुकी ६ बजेसम्म मतदान हुनेछ। १७,५०,००० भन्दा बढ़ी मतदाताहरूले १४ जना उम्मेद्वारको भाग्यको फैसला गर्नेछन्।

४. पश्चिम बंगाल शिच्क्षक नियुक्ति घोटाला मामिलामा २५ हजार भन्दा बढ़ी शिक्षकहरूको नोकरी रद्ध गेर्न कोलकाता उच्च न्यायलयको निर्णयलाई बंगाल सरकारले सर्वोच्च्व अदालतमा चुनौती दिएको छ।

**दार्जीलिङ ईलेक्शन**

लोकसभा चुनावको द्वोसो चरणमा देशका १३ राज्यहरूमा फिजिएको ८८ लोकसभा आसनमा भोलि २६ अप्रेलको दिन मतदान हुनेछ। सुचारू मतदानका लागि चुनाव आयोगद्वारा सबै तैयारीहरू पूरा गरी सकिएको छ। पश्चिम बंगालका तीन लोकसभा आसन दार्जीलिङ , रायगंज र बालुरघाटका लागि भोलि मतदान बिहान ७ बजे देखि शुरू भएर साँझ ६ बजेसम्म चल्नेछ। साँझ ६ बजे सम्म लाईनमा लागेका सबै मतदाता हरूले मतदान गरी सकेपछि मात्र मतदान प्रक्रिया समाप्त हुनेछ। दार्जीलिङ लोकसभा क्षेत्रमा सबै मतदान टोलीहरू मतदान सामाग्रीहरूका साथ आ–आफ्ना मतदान केन्द्रहरूका लागि प्रस्थान गरी सकेका छन्। प्रायः मतदान केन्द्रमा मतदान कर्मीहरू र सुरक्षा बलका जवानहरू पुगीसकेको समाचार प्राप्त भएको छ। स्वतंत्र र निष्पक्ष अनि शान्तिपूर्ण मतदान सुनिश्चित गर्न दार्जीलिङ लोकसभा क्षेत्रमा अर्ध सैनिक बलका १३५ भन्दा बढ़ी कमपनीहरूलाई तैनात गरिएको छ। दार्जीलिङ लोकसभा क्षेत्रका ७ विधानसभा इलाका मिलाएर जम्मा– ३० वटा आदर्श मतदान केन्द्र स्थापित गरिएको छ जसमध्ये कालेबुङमा –५ , दार्जीलिङमा –४ , खरसांगमा –१ ,सिलगड़ीमा –५ नकसलबाड़ी – मतिगड़ामा –५ , फाँसीदेवामा –८ र चोपड़ामा –२ रहेका छन्। यसैगरी यस संसदीय क्षेत्रमा जम्मा ५४ वटा पूर्ण रूपले महिलाहरूद्धारा संचालित गरिने आदर्श मतदान केन्द्र स्थापित गरिएको छ जसमध्ये कोलबुङमा –२५, दार्जीलिङमा –५ , खरसांगमा –७ , मतिगड़ा–नक्सलमा –५ , सिलगड़ीमा –५ , फाँसीदेवामा –५ र चोपड़ामा –२ रहेका छन्। दार्जीलिङ लोकसभा क्षेत्रमा सूचारू मतदानका लागि कूल १६६६ मतदन केन्द्रहरू स्थापित गरिएकर छन्, जसमध्ये कालेबुङमा –२८८ , दार्जीलिङमा ३३५, खरसांगमा २६४ , मतिगड़ा –नक्सलमा ३२५ , सिलगड़ीमा –२४५, फाँसीदेवामा –२६१ र चोपड़मा –२५१ रहेका छन्। यस संसदीय सीटका कूल १७ लाख ५० हजार भन्दा बड़ी मतदाताहरूले १४ जना उम्मेद्वारहरूको भाग्यको फैसला गर्नेछन्। मतगणना एकैसाथ ४ जूनको दिन गरिनेछ।

****** ० ******

**दुर्गम क्षेत्र**

**भोलि हुने लोकसभा चुनावको अन्तिम तयारी लगभग पुरा भईसकेको छ भने राज्यको दुर्गम क्षेत्रहरुमा मतदान गराउन हिजो नै हिडेका मतदान अधिकारीहरु आज पुर्ण तयारीको साथमा आ-आफ्नो गन्तब्य स्थलहरु पुगिसकेको जानकारी प्राप्त भएको छ। यसै क्रममा जिल्लाको सुदुरवती बुथहरु २३/०१ सिरिखोला प्राथमिक विध्यालय २३/०२ डाडा गाउँ निम्न माद्यामिक विध्यालय, २३/०३ रमाम प्राथमिक विध्यालयमा मतदान गराउन मतदान अधिकारीहरु पुगिसकेको जानकारी प्राप्त भएको छ। अर्को तर्फ राज्यको सबैभन्दा दुर्गम २३/०४ समानदेन प्राथमिक विध्यालय बुथको निम्ति मतदान अधिकारीहरु घोडसवारी भई प्रस्थान गरिसकेको तथा बेलुकीसम्म पुग्ने अपेक्षा गरिएको छ।**

****** ० ******

**दार्जिलिङ पुलबजार खण्ड**

भोलि हुने १८ औ लोकसभा चुनावको निम्ति राज्यको सबैभन्दा ठुलो खण्ड दार्जिलिङ पुलबजार खण्डमा तयारी लगभग पुरा भइसकेको छ भने सबै मतदान केन्द्रहरुमा मतदान अधिकारीहरु आइपुगेका छन। अर्कोतर्फ मतदानलाई सुचारु रूपमा संचालन गर्न केन्द्रिय वाहिनी सगै प्रशासनीक अधिकारीहरु पुगिसकेको छ भने हालसम्म खण्डभरमा कुनै अप्रिय घटनाहरु नभएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**अभिषेक ब्यानर्जी**

मालदा दक्षिण लोकसभा सीटबाट भारतीय जनता पार्टीको उम्मेद्वार श्रीरूपा मित्रा चौधरी उपनाम निर्भया दिदी माथि अभिषेक ब्यानर्जीद्वारा आपत्तिजनक शब्द प्रयोग गरिएको सन्दर्भमा भाजपाले चुनाउ आयोग समक्ष सिकायत दर्ता गरेको छ। पार्टी नेता शिशिर बाजोरियाको हस्ताक्षर सहित हिजो यो सिकायत दर्ता गरिएको हो। यसमा अभिषेक ब्यानर्जीद्वारा बुधवार एउटा जनसभामा निर्भया दिदीविरूद्ध प्रयोग गरिएको "निर्लज्ज" शब्दलाई उल्लेख गर्दै यो महिलाहरूको लागि अपमानजनक शब्द हो भनिएको छ। भाजपा नेता अमित मालवीयले पनि अभिषेक ब्यानर्जीको यस बयानको निन्दा गर्नु भएको छ। उहाँले सामाजिक संजालमा एउटा पोस्टमा मालदा दक्षिणको भाजपा उम्मेद्वार श्रीरूपा मित्रा चौधरीविरूद्ध अभिषेक ब्यानर्जीद्वारा गरिएको निन्दनीय टिप्पणीको कड़ा आलोचना गर्नु भएकोछ।

****** ० ******

**ममता व्यानर्जी**

पश्चिम बंगापलकी मुख्यमंत्री ममता व्यानर्जीले मेदिनीपुरको न्तनमा एक चवुनपावी जनसभालाई सम्बोधन गर्नु हुँदे केन्द्रिमाथि राज्य अधीनमा लिन सात चरणमा चुनाव गराईएको साथै ठूलो संख्यामा केन्द्रिय बलहरू तैनाती गरिएको आरोप लगाउनुभयो। सुश्री व्यानर्जीले भन्नुभयो - मैले तीन महिनाको दीर्घावधि चुनावगरईएको पहिलोपलट देखिरहेछु । कर्नाटकमा चालिस सीटका लागि एकै चरणमा चुनाव भईरहेछ जबकि पश्चिम बंगालमा ४२ सिटामा सात चरणमा मतदान भइरहेछ। मुख्यमंत्रीले भन्नुभयो- केवल प्रदर्शनका लागि बिहारमा सात चरणमा चुनाव गराईन्दैछ । उहाँले भन्नुभ्न्नयो - म चुनाव आयोगसित कुन कुन राज्यमा कति फोर्स लागाईयो? यसबारे लिखितमा माग्नेछ। यहाँ यति विघ्न फोर्स बंगलामाथि अध्किार जमाउनको निम्ति हो? यस्तो उखरमाउले गर्मीमा तीन महिनासम् चुनाव प्रक्रिया चलाउनुको मनोशास के हो भन्दै अझ भन्नुभयो- यस्तो भीष्झण गर्मीमा क हेलिकप्टर आगो जस्तै दन्किन्छ। मेरो हेलिकप्टरको कम्प्रेसर खराब भएको छ। हिज फर्किन्दा मेरो स्वस्थ्य पनि ठीक थिएन जीवनमा पहिलोपल्ट तीन महिने अविलम्ब चुनाव देखेर म हतभ्रत छु उहाँले भन्नुभयो।

****** ० ******

**शिक्षक नियुक्ति**

शिक्षक नियुक्ति भ्रष्टाचार मामिलामा कलकत्ता हाई कोर्टको निणर्यलाई लिएर लगातार प्रश्न खड़ा गरिरहेकी मुख्यमंत्री ममता व्यानर्जी विरूद्ध मामिला दर्ता गरिएको छ। उहाँमाथि अदालतको अवमाननाको अभ्योिग वरिष्ठ अधिसवक्त विकास रंजन भट्टचार्यले दर्ता गर्नुभएको छ। भट्टाचार्यले आज मुख्य न्यायधीश टि.एस शिवगणनम को अध्यक्षय खण्डपीठकोध्यान यसतर्फ आकर्षित गर्नुहुँदै अदालतले यस मामिलमा स्वतः सँर्ति कार्वाहीको अनुरोध गर्नुभयो। भट्टचार्यले भन्नुभयो – जुन आपराधिक टिप्पणीहरू गरिन्दैछन् त्यसमाथि कुनै रोक नलगाईए अदालत हाँसो पात्र बन्नेछ। ममता व्यानर्जीको 'हाई कोर्टको फसेला भाजपाको असर' भनाईप्रति विकास रंजन भट्टचार्यले भन्नुभयो- न्यायधीश आफ्नो विवेक अनि कानून मुताबिक कार्य गर्छन्। हाई कोर्ट बिक्री भयो भन्ने टिप्पणी दुभार्ग्यपूर्ण र अपामनाजनक छ। मुख्य न्यायधीश शिवगणनम अनि न्यायमूर्ति हिरण्मय भट्टचार्यको खण्डपीठले यस समबन्घमा एउटा हलुनामा दिनपेर्न बताउनुभएको छ।

****** ० ******

**डब्ल्यू .बी गर्भमेन्ट .एस.सी**

कलकत्ता उच्च न्यायालयले स्कूल सेवा आयोग अर्न्तगत २५ हजार ७५३ नौकरी रद्ध गर्ने आदेशको ४८ घण्टा नबित्दै राज्य सरकारले आदेशलाई चुनौती दिंदै सुप्रिम कोर्टको ढ़ोका ढकढकाएको छ। स्मरण रहोस एसएससी भर्तीमा भ्रष्टाचारस मामिलको वुनवाईपछि कलकत्ता हाईकोर्टजे सोमबार आफ्नो निर्णय सुनाएको थियो उच्च न्यायलयमा एसएससीको आवेदन अस्वीकार गर्दै तत्कालिन जस्टिस अभिजीत गोगोपाध्यायले सीबीआई जाँचको आदेश दिइएको थियो।

****** ० ******

**सीबीआई**

सीबीआईले संदशखालीमा महिलाहरूमाथि अतयाचारको प्राथमिकी दार्ता गरेको छ। यसभन्दा पहिले संदेश खाली मामिलामा पुलिसले शाहजँहा शेखका सहयोगी तथा गिरफ्तार तृ१णमूल नेता शिव प्रसा हाजरा उर्फ शिबू विरूक्ष दुष्कृतिको दुईवटा मामिला दार्ता गरेको थियो। शिकायतकर्ताको गुप्त बयानको आधारमा शिबूका विरूद्ध बशीरहाट सब-डिभिजनल कोर्टमा मामिला दर्ता गरिएको थियो। शिबू समेत तीन व्यात्तिमाथि दुर्ष्कमको आरोप लागाइएको थियो। यसपल्ट केन्द्रीय जाँ एजेन्सीले संदेशखालीमा महिलाहरूसित दुर्ष्कमको प्राथमिकी दर्ता गरेको छ। सीबीआई पक्षबाट जारी एक बयानमा बताईएको छ कि संदशखाली मामिलमा प्राथमिकी दर्ता पछि आरोपीहरूसित पूछताछ गरिनेछ। यस मामिलामा जुन व्यात्तिहरूले उजूरी गरेका थिए उनीहरूको बयानलाई रेकार्ड गरिनेछ। स्थानीय थानमा पनि दर्ता गरिएका प्राथमिकीहरूको आधारमा जाँलाई अघि बढ़ाईनेछ।

****** ० ******

**सीबीआई**

सीबीआईले शिक्षक नियुक्ति भ्रष्टाचार मुद्दामा पूर्व शिक्षामन्त्री पार्थ च्याटरजीको नजिकको साथी सन्तु गांगुली उपनाम मोहम्मदलाई आज निजाम प्यालेस सोधपुछ गरेको छ। गांगुली बेहला क्षेत्रका बासिन्दा हुन्| अनुसन्धान एजेन्सीले बेहलाका निवासी गांगुली हुग्लीका निष्कासित तृणमूल नेता कुन्तल घोष, भर्ती मामिलामा संलग्न व्यापारी आयन शील र कालीघाटका काकुसँग पनि सम्पर्कमा रहेको दावी गरेको छ। यसअघि पनि भर्ती प्रकरणको अनुसन्धानमा गांगुलीको नाम आएको थियो। उनको घरमा पनि खोजी गरिएको थियो तर सीबीआईले गांगुलीलाई बोलाएको यो पहिलो पल्ट हो। आज सन्तुलाई सोधपुछ गर्नुभन्दा २४ घण्टाअघि सीबीआईले अयानलाई पनि सोधपुछ गर्न अदालतमा निवेदन दिएको थियो। हुग्लीका व्यापारी अयानले भर्ती भ्रष्टाचार अनुसन्धानमा गांगुली को बारेमा ईडीलाई पहिलो जानकारी दिएका थिए। गांगुलीमार्फत २६ करोड रुपियाँको कारोबार भएको आरोप छ।

-

**एस.एस.सी**

पश्चिम बङ्गाल विद्यालय सेवा आयोग (एसएससी) ले बिहीबार कलकत्ता उच्च अदालतलाई सन् २०१६ को विद्यालय भर्ना समितिद्वारा नियुक्त ५,३०० व्यक्तिहरूको सूची उपलब्ध गराएको दाबी गरेको छ, जसको नियुक्ति संकैस्पद रहेको छ। बाँकी १९ हजार शिक्षकलाई कानुनी रूपमा नियुक्त गर्न सकिने आयोगले जनाएको छ। उच्च अदालतको आदेश बमोजिम नियुक्ति रद्द भएका १९ हजार शिक्षकको योग्यताको मापदण्ड नियुक्ति गर्ने पदाधिकारीले निर्धारण गरेको मापदण्डअनुरूप हुन सक्ने आयोगको ठहर छ।

****** ० ******